

# कम्युनिष्ट आन्दोलनका धरोहर प्रदीप नेपाल



– रश्मी गुरुङ

नेपाली कम्युनिष्ट आन्दोलनका धरोहर प्रदीप नेपालको जन्म कोशी प्रदेश, तत्कालीन कोशी अञ्चल, भोजपुर जिल्लाको गोगने गा.वि.स. मामा घरमा वि.सं. २०१० पुस २८ गते भएको हो । भोजपुर पोखरे उहाँको आफ्नो घर भए तापनि प्रदीप नेपालको जन्म मामाघरमा भएको थियो । यसो हुनको पछाडि 'पोखरे घरमा नै जन्मिएका आफुभन्दा माथिका दुई दाजुहरू सानै उमेरमा दिवंगत भएको, तर आफ्नो माइलो दाजु मन्जुलको जन्म मामाघर गोगनेमा भएको हुनाले पनि आमाले मेरो यो संसारमा आगमन हुने कुरा मामाघरबाटै होस् भन्ने चाहेको हुनसक्छ' प्रदीप नेपालको भनाइ थियो ।

माता जम्बकुमारी न्यौपाने नेपाल र बुबा टीकाबल्लभ नेपालको सातौँ सन्तानका रूपमा प्रदीप नेपालको जन्म भएको थियो । प्रदीप नेपालको वास्तविक घर भोजपुर जिल्लाकै तत्कालीन भोजपुर गा.वि.स.वडा नं. ६, हाल भोजपुर नगरपालिका वडा नं. ८ पोखरे गाउँमा हो । प्रदीप नेपालको न्वारानको नाम द्रोणराज नेपाल रहेको थियो । द्रोणराज नेपाल स्कुल जान थालेपछि प्रदीपकिशोर नेपालको नाममा भर्ना हुनुभएको थियो । तर, कक्षा बढ्दै गएपछि नामको बिचमा रहेको 'किशोर' हटाएर 'प्रदीप नेपाल' मात्रको नामबाट अगाडि बढेको कुरा उहाँ बताउनु हुन्छ ।

पछिल्लो लामो समयदेखि काठमाडौँमै बसोबास गर्दै आएका नेपालका एक श्रीमती र एक छोरी रहेका छन् । श्रीमती झुमा देवान नेपाल कञ्चनजङ्घा बोर्डिङ्ग स्कुल, डल्लु, काठमाडौँको संस्थापक हुन् भने नेपालकी छोरी डा. समीक्षा नेपाल हुन् । आजको समयमा श्रीमती झुमा देवान नेपालले स्कुल सञ्चालनको कार्य छाडिसकेको र छोरी समीक्षा नेपाल थप अध्ययनका लागि बेलायतमा रहेको पाइन्छ ।

आफूलाई साह्रै माया गर्ने माता पितासँगको सम्बन्धका बारेमा प्रदीप नेपाल भन्नुहुन्छ, '१४ वर्षको हुँदा नै आमाको मायाबाट वञ्चित हुनुपरेको

र कठोर भूमिगत जीवन बिताइरहेको समयमा वि.सं. २०४२ मा बुबाको निधन भएको थियो ।'

प्रदीप नेपालले सात वर्षको उमेरबाट औपचारिक शिक्षा आरम्भ गर्नुभएको थियो । वि.सं. २०१७ देखि भोजपुर पोखरेको स्थानीय सरस्वती मिडिल स्कुलबाट औपचारिक शिक्षा प्रारम्भ गर्नुभएका नेपालले वि.सं. २०२५ मा भोजपुरको विद्योदय मा. वि. बाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभयो । एसएलसी उत्तीर्ण भएपछि उच्च शिक्षा अध्ययनका लागि वि.सं. २०२६ मा प्रदीप नेपाल त्रिचन्द्र क्याम्पस काठमाडौँ आउनुभयो । नेपालले त्रिचन्द्र क्याम्पसबाट बी.ए. सम्मको औपचारिक अध्ययन पूरा गर्नुभयो । प्रदीप नेपालको पारिवारिक आर्थिक पृष्ठभूमि निम्नमध्यम वर्गीय थियो भने घरायसी वातावरण साहित्यिक थियो । पारिवारिक पृष्ठभूमि साहित्यिक भएकै हुनाले दस वर्षको कलिलो उमेरमै उहाँले 'सुन्दर हिमाल' नामको कविता रच्नुभएको थियो । सानै उमेरमा आफ्नो कविता पुस्तकमा छापिएको तथा कविता सुनाएर पुरस्कार पाएको कुराले आफूमा साहित्यप्रति थप उत्साह र रुचि जागेको कुरा प्रदीप नेपाल बताउनुहुन्छ ।

## राजनीतिक यात्रा

नेपालको राजनीतिक यात्राको सुरुआत वि.सं. २०२६ सालदेखि नै भएको हो । उहाँले त्यतिबेला सगरमाथा स्वतन्त्र विद्यार्थी युनियनको सदस्य भएर नेपालको राजनीतिक यात्रा सुरु भएको देखिन्छ । २०२६ सालमै त्रिचन्द्र कलेजमा अध्ययन गर्दाकै समयमा प्रदीप नेपाल पक्राउ पर्नुभयो, तर धेरै दिन हैन एकै दिन मात्र पुलिस कष्टडीमा बसेर निस्किनुभएका प्रदीप नेपाल विस्तारै वामपन्थी राजनीतितर्फ धकेलिँदै जानुभयो । एक दिन पुलिसको कष्टडिमा बस्दा पुलिसले गरेको व्यवहार, आफ्ना बाबाआमालाई पुकार्दै पुलिसले गरेको गालिका शब्दहरू र नेपालमा बसेर माओ त्सेतुङ हुन खोज्ने भन्दै आफूलाई गरेको गालीले नेपाललाई देशको प्रशासनप्रति घृणा मात्र उत्पन्न गराएन, चिनियाँ कम्युनिष्ट नेता माओ त्सेतुङको बारेमा

जान्ने कौतुहलता समेत जगायो । सुरुको यही घटनाले प्रदीप नेपाललाई तत्कालीन नेपाल कम्युनिष्ट पार्टी मालेको ठुलै नेता बनायो ।

वि.सं. २०२७ सालमा मार्क्सवादी अध्ययन केन्द्रको संस्थापक सदस्य हुनुभएको थियो । मार्क्सवादी अध्ययन केन्द्रको संस्थापक सदस्य भएकै समयमा जनक शिक्षा सामग्री केन्द्रमा प्रुफरिडरको रूपमा काम गरेको देखिन्छ । त्यसैगरी, राजनीतिसँगै अन्य पेसामा पनि सङ्लग्न हुने क्रममा नै वि.सं. २०२९ मा नेपाल बाल सङ्गठनको पौष्टिक आहार कार्यक्रममा प्रोजेक्ट म्यानेजरका निजी सहायक भएर काम गरेको पनि देखिन्छ । वि.सं. २०३१ मा विश्वप्रेमी मा.वि. याकुमा अध्यापन गराएको अनुभव पनि नेपालसँग रहेको छ । याकुमा २ वर्ष पढाएर नेपालले वि.सं. २०३२ सालमा थानकोटको मङ्गलोदय मा.वि.मा अध्यापन गरेको पाइन्छ । वि.सं २०२६ सालदेखि २०३२ सालसम्म नेपालले राजनीतिक र अन्य पेसालाई पनि साथसाथै लगेको पाइन्छ ।

उहाँको राजनीतिमा रुचि त्रिचन्द्र कलेजमा पढ्दादेखि नै भएको भए तापनि पूर्णकालीन राजनीतिमा लाग्न भने केही समय लाग्यो । २०३२ सालमा 'मई दिवस भव्य रूपमा मनाऔँ' भन्दै मुस्लो परिवारको तर्फबाट निकालिएको पर्चा वितरण गर्ने क्रममा धरान पुगेका नेपाललाई त्यहीँबाट पुलिसले पक्राउ गर्‍यो र बिराटनगरहुँदै काठमाडौँको नख्खु जेलमा पुर्‍यायो । नख्खु जेलमा झापाली कम्युनिष्ट पार्टीका नेताहरू पनि थिए । २०३२ सालमा जेल पर्नुभएका नेपाल २०३३ चैत १२ गते नख्खु जेल ब्रेक गरेर खुल्ला संसारमा आउनुभएको हो । बाहिर आएपछिका केही दिन उहाँका लागि ज्यादै नै कष्टकर बने । खाने र बस्ने टुंगो भएन । जंगलमै बस्ने, जंगलकै कन्दमुल, गुराँसका फूल खाएर दिन बिताएका क्षण सुन्दा कथाजस्तै लागेको थियो । अझ जेलबाट बाहिरिन बगैँचामा फूल गोड्ने कुटो, भात चलाउने पन्यु, छाताको डाँठ, ससाना फलामे रडको प्रयोग गरेर मान्छे चल्नसक्ने सुरुङ तयार गरेको कुरा अझ रोचक देखिन्छ ।

जेलब्रेकको कथा समेटेर प्रदीप नेपालले *मुक्त आकाशको खोजी* नामक पुस्तक नै लेख्नुभएको छ ।

जेलब्रेकपछि सात–आठ दिनको कष्टकर यात्रापछि नेपाल भारत प्रवेश गर्न सफल हुनुभयो । पञ्चायतको चर्को दमन रहेको हुँदा त्यतिबेला कम्युनिष्ट राजनीतिमा सीमित व्यक्तिहरू मात्रै सङ्लग्न हुने अवस्था थियो । त्यस्तो बेलामा पूर्णकालीन राजनीतिमा लाग्ने हिम्मत जुटाउनु कम जोखिम थिएन । पारिवारिक अवस्था आर्थिक रूपमा ठिकठिकै भएको र राजनीतिभन्दा पनि साहित्यक वातावरण धेरै भएकोले उहाँलाई राजनीतिमा आउन सहजै त थिएन । अझ कम्युनिष्ट राजनीतिमा लाग्नु त झनै कठिन थियो ।

अनेकौँ कठिनाइहरू पार गर्दै वि.स. २०३३ सालदेखि पूर्णकालीन राजनीतिमा लागेका नेपाल वि.सं. २०३५ मा नेपाल कम्युनिष्ट पार्टी (माले)को संस्थापक केन्द्रीय सदस्य बन्नुभएको थियो । नेपाली कम्युनिष्ट राजनीतिको कोशेढुंगा नै रहेको यो कोअर्डिनेसन केन्द्रसँग जेलदेखि नै विशेषगरी जेल विद्रोह (०३३) देखि निरन्तर आबद्ध हुनुभएको थियो । पूर्वी नेपालमा कम्युनिष्ट आन्दोलनको रापताप पहिलादेखि नै बढेको देखिन्छ । वि.सं. २०३५ सालमा प्रदीप नेपाल नेकपा (माले)को संस्थापक केन्द्रीय सदस्य भएपछि अझ संस्थागत रूपमा विभिन्न क्षेत्रको कामको जिम्मेवारी लिएर पार्टीमा खटेको देखिन्छ । उहाँले वि.सं. २०३९ मा अखिल भारत प्रवासी नेपाली सङ्घको केन्द्रीय सल्लाहकार र वि.स. २०४२ मा नेकपा (माले) उपत्यका समन्वय कमिटी सचिव भएर काम गर्नुभएको थियो ।

नख्खु जेलब्रेकबाट बाहिर आएपछि प्रदीप नेपालले परिवर्तनकामी कम्युनिष्ट पार्टीको सम्पर्क समन्वयमा रहँदै छोटो समय भारत प्रवासमै पार्टी कामको जिम्मेवारी लिनुभएको थियो ।

पार्टीको नेतृत्वतहमा पुगेका प्रदीप नेपालको पार्टी कामको कार्यक्षेत्र लुम्बिनी बन्न पुग्यो । लुम्बिनीको कामका दौरान पार्टीको कार्यक्षेत्र भेरीसम्म पुगेको पाइन्छ । त्यसैताका २०३५ साल चैतमा निरङ्कुश पञ्चायती शासकहरूले पूर्वको मेचीमा पार्टीकाम गरिरहेका कमरेड रत्नकुमार वान्तावाको हत्या गऱ्यो । त्यतिबेला उहाँ त्यहाँको पार्टी सचिव हुनुहुन्थ्यो । पार्टी सचिवको हत्या भएपछि शून्य असहज अवस्थामा रहेको पार्टी कामका लागि पार्टीले २०३६ साउनमा प्रदीप नेपाललाई मेची पठायो । अत्यन्त मेहनतसाथ मेचीको पार्टी कामलाई व्यवस्थित गर्दै अगाडि बढिरहेको थियो । यसैबिचमा प्रदीप नेपाललाई पार्टीले पुनः लुम्बिनीकै जिम्मेवारीमा खटायो । लुम्बिनीपछि प्रदीप नेपालको पार्टी कामको क्षेत्र काठमाडौँ उपत्यका बन्न पुगेको थियो । प्रदीप नेपाल उपत्यकाको पार्टी कमिटीको सचिव हुनुभएको थियो ।

सानै उमेरदेखि साहित्यमा रुचि राख्ने प्रदीप नेपालले भूमिगत कालमा जनताका बिचमा रहँदाका विषयहरूलाई समेटेर साहित्य लेखनतर्फ लागेको पाइन्छ । खुइते कडेरीया, मुक्ति, पार्टीकी आमा भूमिगत कालका भोगाइ समेटिएका सहित्यिक कृति हुन् । यी कृतिहरू जनताका बिचमा रहँदा जनताकै लागि, जनताकै दुख र पिरमर्का समेटिएका साहित्यिक कृति मानिन्छन् ।

भूमिगत कालमा मूलतः संजय थापा नाम उहाँको चर्चित नाम थियो साहित्यतर्फ । संजय थापाका रचनाले धेरै पाठकलाई नेपालको कम्युनिष्ट पार्टीमा आकर्षित गरेको पाइन्छ भने साहित्य सानै देखिको आफ्नो रुचि भएको विषय भए तापनि जनताको साहित्य तथा कम्युनिष्ट राजनीतिमा आगमनको प्रेरणा वामपन्थी विचारका विव्दान, साहित्यकार, लेखक गोविन्द भट्टबाट मिलेको नेपाल बताउनु हुन्छ ।

भूमिगत कालमा मेचीमा कमरेड रन्तकुमार वान्तवाको हत्या भएपछि लुम्बिनीलाई कार्यक्षेत्र बनाएर काम गरिरहेका प्रदीप नेपाललाई पार्टीले मेचीको जिम्मेवारीमा पठायो ।

पहाडको ठाउँ, सानो समाज, काम गर्न सजिलो थिएन, त्यस बेलाको कामको कुरो सुनाउँदै उहाँ भन्नुहुन्छ, 'एउटा व्यक्ति कम्युनिष्ट पार्टीको सदस्य हुन पाउँदा आफुलाई गर्वको महसुस गरिरहेको हुन्थ्यौं । अहिलेको जसरी कम्युनिष्ट पार्टीको सदस्य हुने र पार्टी काम त्यस बखतको जस्तो हुने भएको भए हामी साम्यवादमा उहिल्यै पुगिसकेका हुने थियौं । २०३६ सालमा भएको विद्यार्थी आन्दोलनले मेरो उग्र वामपन्थी चेतमाथि पहिलो प्रहार गरेको थियो । त्यो आन्दोलनको नेतृत्व मसँगैका साथीहरूले गरेका थिए । म उतिबेलाको भाकामा शिरमा कात्रो बेरेर क्रान्तिका गीत गाएर सङ्गठन बनाउँदै गाउँगाउँमा घुमिरहेको थिएँ । तर त्यसले वाञ्छित प्रतिफल पाएको महसुस गर्न सकिरहेको थिइनँ । २०३४ बैसाखदेखि २०३७ सालको चैतसम्म मैले रूपन्देहीको भारतसँग सिमाना जोडिएको मर्चवारदेखि ताप्लेजुङ्गको सिक्किमसँग सिमाना जोडिएको सुरुङखिम र बुरुङखिम सम्मका पचासौं गाउँमा पाइला चालेको थिएँ । म आफै सङ्गठन बनाउने काममा होमिएको थिएँ । त्यसै बिचमा माथि भनिएको भूगोलभन्दा बाहिरको बाँके र बर्दियालाई जोडेर एउटा नेतृत्वदायी सङ्गठन पनि बनाएको थिएँ । तर मैले के गरेँ, कति गरेँ र त्यसले नेपालको राजनीतिलाई कस्तो प्रतिफल दियो भन्ने प्रश्नको जवाफ म स्वयंले पाउन सकिरहेको थिइनँ । म आफै अलमलिएको थिएँ । यसको मूल्याङ्कन इतिहासले गर्नेछ ।'

प्रदीप नेपाल वि.सं. २०४७ मा नेकपा (एमाले) केन्द्रीय कमिटी सदस्य, वि.सं. २०५०-५१ नेकपा (एमाले) केन्द्रीय प्रचार विभाग प्रमुख, वि.सं. २०४८–५१ राष्ट्रियसभा सदस्य र नेकपा (एमाले) संसदीय दलको सचिवको भूमिकामा रहेर काम गर्नुभएको थियो । बहुदलीय व्यवस्था पुनस्थापनापछि २०५१ सालमा नेकपा, एमालेका अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको पहिलो कम्युनिष्ट सरकारमा प्रदीप नेपाल सूचना तथा सञ्चार र जलस्रोत मन्त्री हुनुभएको थियो । उहाँले वि.सं. २०५४ मा जलस्रोत तथा स्वास्थ्य मन्त्री, २०६४ मा शिक्षा तथा खेलकुद मन्त्री भएर काम गर्नुभएको थियो ।

साहित्य लेखनमा समेत सक्रिय रहेका नेपालले पत्रकारिता पनि गर्नुभएको थियो । नेपाललाई एमालेको प्रचार विभागमा काम गर्दाको अनुभव र सक्रियताले पत्रकारिताको जिम्मेवारीमा लगेको देखिन्छ । नेपालले वि.सं. २०४३–४६ प्रकाश साप्ताहिकको सम्पादक भएर काम गर्नुभएको थियो । बहुदलीय व्यवस्था पुनर्स्थापनाका लागि भइरहेको राजनीतिक आन्दोलनलाई प्रकाश साप्ताहिकको सम्पादक भई लेखन र पत्रकारिता मार्फत पनि योगदान पुऱ्याएको देखिन्छ। त्यसैगरी, वि.सं. २०४६ दृष्टि साप्ताहिकको सम्पादक, वि.सं. २०४६ मा छलफल साप्ताहिकको सम्पादक र वि.सं. २०५६ मा पार्टीको मखपत्र 'नवयुग' पत्रिकाको प्रधान सम्पादकको भूमिकामा रहनुभएको थियो ।

**जेल यात्रा**

उच्च शिक्षा अध्ययनका लागि काठमाडौँमा आएपछि राजनीतिक विचारबाट ओतप्रोत भएका साहित्यकारहरूसँगको संगतले प्रदीप नेपाल राजनीतिमा सक्रिय भएको देखिन्छ । उहाँलाई काठमाडौँमा दाजु मञ्जुलका माध्यमबाट पारिजात, रामेश, रायन, श्यामप्रसाद, तुलसी दिवस, गोविन्द भट्टजस्ता स्थापित साहित्यकारहरूसँग संगत गर्ने मौका मिलेको थियो । ती साहित्यकारहरू राजनीतिक रूपमा पनि सक्रिय थिए । उनीहरूसँगको सान्निध्यबाट दर्शनशास्त्र, भूगोल, सोभियत सङ्घ र चीनका मार्क्सवादी साहित्यको अध्ययन गर्दै जाने क्रममा नेपालको रुचि राजनीतितर्फ मोडिएको देखिन्छ ।

वि.सं. २०२६ मा सगरमाथा स्वतन्त्र विद्यार्थी युनियनको सदस्य बनेपछि नेपालको औपचारिक राजनीतिक जीवनको सुरुवात भएको थियो । विद्यार्थी राजनीतिको एक वर्ष यात्रापछि वि.सं. २०२७ मा मार्क्सवादी अध्ययन केन्द्र काठमाडौँका संस्थापक सदस्य बनेका नेपालले प्रत्यक्ष पार्टी राजनीतिको सुरुआत गर्नुभएको थियो । यसै समयदेखि उहाँको राजनीतिक र साहित्यिक व्यक्तित्व एकसाथ अगाडि बढेको थियो ।

वि.सं. २०२६ मा विद्यार्थी आन्दोलनको क्रममा प्रदीप नेपाल पहिलोपटक हिरासतमा पर्नुभएका नेपाल यसपछि पटकपटक गिरफ्तारी पर्ने र छुट्ने क्रम जारी रहेको थियो । तर, वि.सं. २०३२ फागुनमा निरङ्कुश राजतन्त्र र पञ्चायती व्यवस्थाको विरोधमा पर्चा छापिएको अभियोगमा प्रशासनद्वारा उहाँको व्यापक खोजी गरियो । लुकीछिपी धरान पुगेका नेपाल धरानबाट बिराटनगर जाने क्रममा छाताचोकस्थित मनोहरकुटीबाट गिरफ्तारीमा पर्नुभयो । विगतमा पक्राउ परेको केही समयमा छुट्ने गरेका नेपाललाई यस पटक भने राजकाज अपराध ऐन अन्तर्गत १० वर्ष कैद र १० हजारको जरिवानाको कठोर फैसला सुनाइएको थियो । राजकाज मुद्दामा जेलमा रहेका नेपाललाई कठोर यातना दिइएको थियो । त्यही यातनाका कारण नेपाल र उहाँका साथीहरूले जेलबाट निस्कने रणनीति बनाएको हो । त्यही रणनीति अनुसार वि.सं. २०३३ चैत्र १२ गते सीपी मैनालीलगायत साथीहरूसँगै नख्खु जेल तोडेर भाग्न सफलता मिल्यो । यसपछि उहाँ पूर्णतः भूमिगत राजनीतिक जीवनमा रहनुभयो । यो समयक्रमलाई प्रदीप नेपालले आफ्नो कृति मुक्त आकाशको खोजीमा सविस्तार उतार्नुभएको छ । पुस्तक मुक्त आकाशको खोजी राजनीतिक यात्राको क्रममा भोगिएको एउटा रचना हो । को-अर्डिनेसन केन्द्र, मुक्तिमोर्चा समूह, दाङको सन्देश समूह, पूर्वको रातो भण्डा, पश्चिममा प्रोन, गण्डकीको माले दल,लगायत दर्जनौ कम्युनिष्ट ग्रुप वा समूहलाई एकताबद्ध गर्दै सुस्ताएको कम्युनिष्ट राजनीतिलाई कसरी पुर्नगठित गरेर देशव्यापी रूपमा कम्युनिष्ट पार्टीको विस्तार भयो भन्ने कुरा यस कृतिमा पाइन्छ भने नेपालको कम्युनिष्ट आन्दोलनमा प्रदीपप नेपालको भुमिका यसबाट थाहा पाउन सकिन्छ ।

भूमिगत राजनीतिक जीवनकै क्रममा नेपालको पार्टीकै कार्यकर्ता इलामकी देवान परिवारकी भुमा देवानसँग वि.सं. २०३९ मा पार्टीगत विवाह भएको थियो । भूमिगत राजनीतिक जीवनकै बेला उहाँको कलम साहित्य सिर्जनातर्फ अत्यधिक चलिसकेको थियो । यसै अवस्थाका उपन्यासहरूले नै उहाँलाई एक प्रगतिवादी उपन्यासकारका रूपमा समेत स्थापित गराएको पाइन्छ । वि.सं. २०४६ पछिको खुल्ला राजनीतिक परिवशेमा

पनि उहाँले साहित्य र राजनीतिलाई सँगसँगै लगेको पाइन्छ । पटक पटक राष्ट्रियसभाको सदस्य भई स्वास्थ्य तथा जलस्रोत, सूचना तथा सञ्चार शिक्षा तथा खेलकुदजस्ता मन्त्रालयहरूमा मन्त्रीसमेत बनिसकेका नेपाल नेकपा (एमाले)का विभिन्न उच्चस्तरीय पदको जिम्मेवारीमा पुगिसक्नुभएको छ । एमालेको पोलिटब्युरो सदस्य, स्थायी कमिटी सदस्यसमेत भइसकेका नेपाल एमालेको आठौँ राष्ट्रिय महाधिवेशनमा महासचिवको उम्मेदवार हुनुभएको थियो । त्यसमा उहाँ निर्वाचित हुन सक्नुभएन । यसपछि उहाँ नवौँ राष्ट्रिय महाधिवेशनमा भने उपाध्यक्ष पदमा उम्मेदवारी दिनुभएको थियो । उपाध्यक्षमा पनि निर्वाचित नभएपछि विस्तारै सक्रिय राजनीतिबाट विश्राम लिन थाल्नुभएको थियो । विसं २०७६ सालमा एमाले र माओवादी केन्द्रको एकतापछि बनेको नेकपामा केन्द्रीय कमिटी सदस्य रहेका नेपाल एमाले विभाजनपछि नेकपा एकीकृत समाजवादी पार्टीले आफ्नो केन्द्रीय सदस्य घोषणा गरेका प्रदीप नेपाल पार्टी एकता र नेपाली कम्युनिष्ट आन्दोलनको बृहत् एकताको पक्षमा देखिनुहुन्छ । विभिन्न जिममेवारीमा रहँदा उहाँले धेरै मुलुकहरू समेत भ्रमण गरिसक्नुभएको छ ।

## साहित्यमा प्रदीप नेपाल

कम्युनिष्ट राजनीतिमा सशक्त पहिचान बनाउनुभएका प्रदीप नेपालको नेपाली साहित्यमा पनि त्यतिकै योगदान रहेको छ । 'हाम्रा बाजे गोठ पाल्छन्, लेखाइ पढाइ छैन बाबा पिर छ मनैमा, श्रमिक दाजु श्रमिक दिदी बुझौँन यो कुरा, बन्दुक र बुटले टेके पनि अग्ला अग्ला पर्खालले छेके पनि, क्रान्ति सधै अघिल्तिर लम्किरहन्छ, पश्चिमी फाँट धरधरी रोयो नदिले पनि आँसु बगायो, जनताको साथी पृथ्वीमा ढल्यो सपना उसले छाडेर गयो, हामीलाई हाम्रो देशको धेरै माया छ, लड्नलाई बन्दुक मात्रै काम लाग्छ, लड्नलाई हतियार मात्रै कामलाग्छ यस्तै सुन्थ्यौँ हामी, तर साँचो कुरा सिक्यौँ, हामीले लड्लाई शक्तिशाली हतियार कलम पनि हो नि' यस्तै यस्तै गीतका सिर्जनाकार प्रदीप नेपालका पचासभन्दा बढी पुस्तक प्रकाशित भइसकेका छन् । यी प्रकाशनमध्ये धेरैजसो नेपाली वामपन्थी

राजनीतिसँग सम्बन्धित छन्। पार्टी की आमा, देउमाईको किनारमा, बर्बरिक, नओइलाउने फूल, इलामको तारा, पूर्वतिर, बुङ्लाका साँझहरू, मुक्त आकाशको खोजी, मुक्ति, आकाशगङ्गाको तिरैतिर लगायतका थुप्रै पुस्तकहरू नेपाली कम्युनिष्ट आन्दोलनको विस्तार र विकाससङ्ग सम्बन्धित रहेकाछन्। यसका आधारमा पनि प्रदीप नेपाल कम्युनिष्ट आन्दोलनका धरोहर हुनुहुन्छ भन्न सकिन्छ।

पञ्चायती कालमा भूमिगत राजनीतिक अवस्थामा पनि प्रदीप नेपाल विभिन्न छद्म नामबाट साहित्य लेखनमा सक्रिय रहेको पाइन्छ। भूमिगत कालमा सञ्जय थापाका नाममा प्रदीप नेपाल चिनिन्छ। वि.सं २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि खुला राजनीतिक परिवेशमा देखापरेपछि भने सञ्जय थापाको सट्टा प्रदीप नेपालकै नाममा उहाँले आफ्ना साहित्यिक कृतिहरू प्रकाशन गर्नुभएको छ। कम्युनिष्ट नेता प्रदीप नेपालबारे भएका विभिन्न अध्ययनहरूमा उल्लेख भए अनुसार स्कुलले जीवनमै सुन्दर हिमाल (२०१८) कविता रच्ने नेपालको प्रथम प्रकाशित रचना भने विश्वासिला घेराभित्र नामको कथा हो। प्रदीप नेपालसम्बन्धी गरिएको एक अर्को अध्ययनमा उल्लेख भए अनुसार राल्फाली आन्दोलनको प्रभावमा ‘सिरोज सोनोभ’ नाम राखेर लेखिएको उक्त कथा चितवनबाट प्रकाशित हुने नौलो पाइलो (२०२७) पत्रिकामा प्रकाशित भएको थियो। साहित्य र राजनीति दुवैमा उत्तिकै सक्रिय प्रदीप नेपालका आज सम्मको साहित्यिक यात्राका क्रममा तीन दर्जनभन्दा बढी पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन्। पुस्तकाकार कृतिबाहेक विभिन्न पत्रपत्रिकाहरूमा समसामयिक विषयमा थुप्रै लेख, रचनाहरू प्रकाशित भएको पाइन्छ।

प्रदीप नेपाल विभिन्न साहित्यिक नामबाट निकै चर्चित रहेका थिए। उनको चर्चित साहित्यक नाम भने संजय थापा हो। त्यसैगरी, अन्य उपनाम भने सिजोज सोनोभ, मुरारि के.सी., उपेन्द्र, ममता सुब्बा, पर्वत

सुब्बा, ईश्वर बराइली, ध्रुव सापकोटा, विजय जोशी र रमाकान्त आदि रहेका छन् ।

किशोर वयबाट लेखन आरम्भ गर्नुभएका नेपालको पहिलो कृति सुन्दर हिमाल (कविता) र प्रथम प्रकाशित कथा - विश्वासिलो घेराभित्र (२०२७, नौलो पाइलो) रहेको छ । त्यसैगरी, निबन्ध- जङ्घार काटिसकेर, (२०२८) रूपरेखा, काठमाडौँ । पुस्तक- खुइते कडेरिया (उपन्यास २०४०) प्रकाशित भएका थिए । त्यसैगरी, अभिनन्दन, सम्मान, पुरस्कार– साहित्य सन्ध्या पुरस्कार २०५९ छलफल साप्ताहिकको सम्मान, पूर्वाञ्चलको प्रगतिवादी उपन्यासकारका रूपमा जनसांस्कृतिक मञ्च, मोरङद्वारा २०६१ मा अभिनन्दित, २०६४ मा गोपालप्रसाद रिमाल सम्मान, २०६४ मा नै दोभान त्रैमासिकद्वारा साहित्य सम्मान, २०६५मा युनेस्को संस्थाहरूको महासङ्घ नेपालद्वारा सम्मानित/अभिनन्दित, २०६६ रत्नराज्य उच्च मा.वि.द्वारा सम्मानित/अभिनन्दित, २०६७ उत्तम शान्ति पुरस्कार, २०६७ अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसनद्वारा सम्मानित/अभिनन्दित र २०६८ नई ईश्वरबल्लभ पुरस्कार लगायत धेरै मानसम्मान तथा पुरस्कारहरूबाट पुरस्कृत हुनुभएको छ । उहाँका धेरै कृतिहरूमा नाटक र केही कृतिहरूमा डकुमेट्री समेत बनेका छन् ।

हाल उहाँ ब्रेनट्यूमरको शल्यक्रियापछि उपचारको क्रममा शिथिल अवस्थामा हुनुहुन्छ। अहिले उहाँले आफ्ना मनका भावनाहरूलाई राम्ररी शब्दमा व्यक्त गर्न सक्नुहुन्न। भेटघाटमा जाने साथीहरू तथा आफन्तजनहरूलाई चिन्नुहुन्छ तर बोल्न सक्नुहुन्न। कहिलेकाहीँ केही शब्दहरू व्यक्त गरे पनि त्यति स्पष्ट छैन । नेपाली कम्युनिष्ट आन्दोलन र प्रगतिशील साहित्यिक आन्दोलनमा महत्वपूर्ण योगदान गरी आउनुभएका नेता नेपाललाई शीघ्र स्वास्थ्यलाभको कामना !

●